# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ५ जेठ २५, २०८१

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०२/२५ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकाका विभिन्न वडा कार्यालयहरुमा कामको चापलाई मध्यनजर गरि केही कर्मचारिहरु दैनिक ज्यालादारी(डोर हाजिरीमा ) रहेको हुँदा दैनिक ज्यालादारीमा कार्यरत वडा नं. २ को कार्यालय सहयोगी सम्झना गाहा, ज्यालादारीमा कार्यरत वडा नं. ६ को कार्यालय सहयोगी रीता ज्ञवाली ज्यालादारीमा कार्यरत वडा नं. ७ को कार्यालय सहयोगी तुल्सा अर्यालको सार्वजनिक बिदाको दिन बाहेक हाजिरी भएको दिनको दैनि रु.५१७।- दरले र दैनिक ज्यालादारीमा कार्यरत वडा नं. ४ सहायक कम्प्युटर अपरेटर अस्मिता राकसको सार्वजनिक बिदाको दिन बाहेक हाजिरी भएको दिनको दैनि रु.७५०।- दरले नियमानुसार कर कट्टी गरि उपलब्ध गराउने गरि २०८१ असार मसान्तसम्मको रकम वडाबाट प्राप्त हाजिरी प्रमाणितका आधारमा भुक्तानी गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाले प्रचलित कानुन बमोजिम नीजि वन दर्ता गर्ने र नीजि वन दर्ता गर्दा शुल्क आर्थिक ऐनमा उल्लेख नभएको हुँदा दर्ता शुल्क रु.१००००।- का दरले लिने निर्णय गरियो ।साथै गाउँ सभाबाट समेत अनुमोदन गराउने । |
| ४ | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा रहेको चीनियापोखरी सामुदायीक स्वास्थ्य ईकाइमा कार्यरत अ.न.मी. मनिषा थापाले राजिनामा दिएको हुँदा सोहि ठाउँको लागि अ.न.मी. विज्ञापन गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाका तपशिल बमोजिमका विविध विषयमा निर्णय गरियो ।<br>तपशिलः<br>➢ गुल्मीदरबार गाउँपालिकाका एम.आई.एस.अपरेटर धाम बहादुर ढेंगा मोटर साइकल दुर्घटनामा परेको हुँदा आर्थिक सहायता रकम रु.२००००।—उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं.३ को वडा सचिव अशोक खनाल साइकल दुर्घटनामा परेको हुँदा आर्थिक सहायता रकम रु.२००००।—उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिकाको कार्यालय सहयोगी चोलाकान्त पौडेलको श्रीमतीलाई क्यान्सर लागि उपचार भइ रहेको हुँदा आर्थिक सहायता रकम रु.३००००।—उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं.४ निवासी हरिकला चुँदाली क्यान्सर रोग लागि उपचार गरिरहेको हुँदा निजलाई आर्थिक सहायता रकम रु.३००००।—उपलब्ध गराउने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत